नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५३८ मिति :- २०६७/४/२५

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरु तथा इजाजतपत्रप्राप्त "क" र राष्ट्रिय स्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय :- वैदेशिक रोजगार व्यवसायीहरूलाई सटही सुविधा प्रदान गर्ने बारे ।

महाशय,

विधिवत दर्ता भई कार्य गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट इजाजतपत्र प्राप्त गरेका वैदेशिक रोजगार व्यवशायीहरूलाई भिषा शुल्क, कमिशन आदि भुक्तानी गर्ने प्रयोजनको लागि आवश्यक पर्ने विदेशी मुद्राको सटही सुविधा उपलव्ध गराउने सम्बन्धमा देहाय बमोजिमको कार्यविधि निर्धारण गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

## कार्यविधि

१. बैदेशिक रोजगार व्यवसायीहरूले वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकको भिषा आफै मिलाई दिने प्रयोजनको लागि आवश्यक पर्ने विदेशी मुद्राको लागि देहायको प्रकृया पुरा गरी सटही सुविधा प्रदान गर्न सकिनेछ :-

(क) विदेशस्थित रोजगारदाता निकायमा रोजगारीमा पठाउन नेपाल सरकारको सम्बन्धित निकायबाट स्वीकृति भएको आधिकारिक कागजातको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(ख) वैदेशिक रोजगारमा जान नेपाल सरकारको सम्बन्धित निकायबाट स्वीकृति प्राप्त गरेका नेपाली नागरिकको वैध राहदानीको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(ग) विदेशस्थित रोजगारदाताबाट रोजगारी दिने सम्बन्धमा प्राप्त आधिकारिक कागजातको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(घ) यस व्यवस्था बमेजिम सटही सुविधा उपलव्ध गराउने विदेशी मुद्रा भिषा दस्तुर तिर्ने प्रयोजनको लागि मात्र उपयोग हुने सुनिश्चित गर्नु पर्नेछ ।

(ङ) भिषा दस्तुर रकम सम्बन्धित मुलुकको भिषा प्रदान गर्ने आधिकारिक निकायको नाममा मात्र उपलव्ध गराउनु पर्नेछ ।

(च) यस्तो रकम सम्बन्धित मुलुकले व्यवस्था गरेको वेवसाइट प्रयोग गरी इण्टरनेट मार्फत इलेक्ट्रोनिक पेमेण्ट कार्ड प्रयोग गरेर समेत भुक्तानी गर्न सकिनेछ । यसरी गरिएको प्रत्येक भुक्तानीको Receipt सो वेवसाइटबाट प्रिण्ट गरी अभिलेखको लागि सुरक्षित राख्नु पर्नेछ ।

(छ) वेवसाइट मार्फत गरिने भुक्तानी वैदेशिक रोजगार व्यवशायी आफैले इन्टरनेट मार्फत गर्न चाहेमा माथि खण्ड (क),(ख),(ग) मा उल्लेख गरिएका कागजात र खण्ड (घ),(ङ)(च) मा गरिएको व्यवस्था पालना हुनु पर्ने शर्तमा प्रति कामदार लाग्ने भिषा शुल्कको दरले हुने कुल विदेशी मुद्राको सटही प्रदान गरी सोही सटही रकमको सिमा भित्र रही यस बैंकको इ.प्रा. परिपत्र संख्याः ४१९ मा भएको व्यबस्था र आफनो आन्तरिक व्यवस्था बमोजिम सम्बन्धित रोजगार व्यवशायीको सस्थागत नाममा बिदेशी मुद्राको क्रेडिट/डेविट/प्रिपेड कार्ड जारी गर्न सकिनेछ ।

क्रमशः

२. वैदेशिक रोजगार व्यवशायीले नेपाली नागरिकलाई विदेशमा रोजगारको अवसर दिलाए बापत विदेशी पक्षलाई कुनै कमिशन, शुल्क आदि तिर्नु पर्ने भएमा सो प्रयोजनको लागि आवश्यक पर्ने विदेशी मुद्राको सटही सुविधा देहायका प्रकृया पूरा गरी प्रदान गर्न सकिनेछ :-

(क) यस्तो शुल्क लिने दिन सम्बन्धमा दुई पक्ष बीच आधिकारिक सम्झौता वा लिखत भई सो लिखतलाई नेपाल सरकारको सम्बन्धित निकायबाट स्वीकृति प्रदान गरिएको हुनु पर्नेछ ।

(ख) सम्झौता गर्ने विदेशी पक्षले विदेशस्थित रोजगारदाता पक्षले यस्तो कार्य गर्न अनुमति प्रदान गरेको पुष्टि हुने कागजात लिनु पर्नेछ । साथै, यस्तो पक्ष व्यक्ति विशेष भएमा सो व्यक्तिको नाममा भुक्तानी पठाउन समेत नेपाल सरकारको सम्बन्धित निकायबाट स्वीकृति प्रदान भएको हुनु पर्नेछ ।

(ग) यस्तो प्रयोजनको लागि उपलब्ध गराइने सटही सुविधा ड्राफ्ट, टि.टि. वा बैंक ट्रान्सफरको माध्यमबाट मात्र उपलब्ध गराउनु पर्नेछ ।

(घ) यस्तो भुक्तानीमा प्रचलित व्यबस्था अनुसार लाग्ने कर शुल्क आदि राजस्व दाखिला गरेको प्रमाण लिनु पर्नेछ ।

३. यस बैकको इ.प्रा. परिपत्र संख्या: ४११ मा भएको व्यवस्था बमोजिम वैदेशिक रोजगार व्यवशायीले समेत विदेशी मुद्रामा भएको आर्जनको आधारमा विदेशी मुद्रा खाता खोल्न सक्ने हुंदा सम्बन्धित व्यवशायीको विदेशी मुद्रा खाता खर्च हुने गरी समेत माथि दफा १ र २ मा उल्लिखित अन्य प्रकृया पुरा गरी विदेशी मुद्रा भुक्तानी गर्न सकिनेछ ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

**बोधार्थ:**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
७. श्री सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
९. श्री नेपाल विकास बैंक संघ, काठमाण्डौ ।
१०. श्री नेपाल उद्योग वाणिज्य महासंघ, मिलन मार्ग, टेकु ।
११. श्री नेपाल उद्योग परिसंघ, मिलन मार्ग, टेकु ।